# *नयाँ सिमाना सहितको मगराँत स्वायत्त प्रदेश घोषणा*




अलग पहिचान, ऐतिहासिक अस्तित्व र विशिष्ठ पृष्ठभूमि भएको, जनसांख्यिक हिसाबले देशकै तेस्रो बाहुल्य र आदिवासी जनजातिहरुमा सबैभन्दा बढी जनसंख्या भएको जाति मगर तथा नेपाली जनताले गर्दै आएको विभिन्न चरणका आन्दौलन जनआन्दोलनबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने क्रममा संविधानसभा राज्यको पूर्नसंरचाना तथा शक्ति बाँडफाँड समितिद्धारा प्रस्तावित मगराँत स्वायत्त प्रदेशको हार्दिक स्वागत गर्दै,

प्रस्तावित मगराँत स्वायत्त प्रदेशमा केही ऐतिहासिक तथा प्रचिन मगराँतका भू-भागहरु छुट हुन गएको तथा राजनीतिक दलहरुको बीचमा संघीयताका आधारहरुको विषयमा रहेको मतभेद एवं संघीयता विरोधीहरुको चलखेलले प्रस्तावित मगराँत स्वायत्त प्रदेश गुम्ने खतरालाई समेत मध्यनजर गर्दै, प्रस्तावित मगराँत स्वायत्त प्रदेशको सिमाङ्कनमा भएका अपूर्णताहरुलाई सापेक्षीक पूर्णता दिन बान्छनीय देखिएकोले राज्य, राजनीतिक दल र सरोकारवालाहरुलाई सचेत र खवरदारी गर्न,

मगर जातिको ऐतिहासिक बसाबोस रहेको, मगर भाषा, कला, संस्कार सँस्कृति र साझा सम्भाताको रुपमा रहेका तनहुँका कोट, देउदह, छिपछिपे, छिम्केश्वरी, देउराली, आवुखैरेनी, धर्मपानी, बन्दीपुर, पोखरीभञ्ज्याङ, घाँसीकुवा, व्यास न.पा., जामुनभञ्ज्याङ, मनपाङ, छाङ, भिमाद, भानुमति, ढोरफिडी, रायपुर, फिरफिरे, (गुरुङ बाहुँल्य, दुलेगौंडा दक्षिण भाग खैरेनीटार, नवलपरासीका चितुवानिकुञ्ज, अग्यौली, अमरापुरी, देवचुँली, दिव्यापुरी, गैडाकोट, कावासोती, कोल्हुवा, कुमारवर्ती, मुकुन्दपुर, नारायणी, पिठौली, प्रगतिनगर, रजहर, रत्नपुर, शिवमन्दिर र सुस्तत्रिवेणी, पर्वतका चित्रे, तिलाहार, पकुवा, पिपलटारी, कार्कीनेटा, खोलालाकुरी, थुलीपोखरी गा.वि.स वाहेक अन्य ४८ वटा गा.वि.स, मुस्ताङका लेते, कुनजो, कोबाङ्ग र टुकुचे गा.वि.स., गोरखाका पृथ्वीनारण (गोरखा) नगरपालिका, बुङकोट, भूङलीचोक, बक्राङ, अश्राङ, आँपपीपल, दरबुङ, घैरुङ, मनकामना, ताकलुङ, ताङलीचोक र थुमी गाविस, डोल्पाका छारका, तिनजे, धौं, लावन, शहरतारा, मुकोट र दुनै गाविस, दाङका काभ्रे, सैघा, सिउजा, लोहारपानी, हाँसीपुर गाविस, रुकुमका ३२ गाविस र सल्यानका ४८ गाविस तथा प्रस्तावित मगराँत प्रदेशका सबै भू-भागहरु सहितको मगराँत स्वायत्त प्रदेशको घोषणा गर्दछौं ।

(२०६७ मंसिर २५ गते शनिबार, तानसेन, टुँडिखेल पाल्पा)

नेपाल मगर संघ
केन्द्रीय समिति